नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार, काठमाण्डौं

पत्र संख्या :- २०८०/०८१

चलानी नं.:- २६०

मितिः २०८०/०९/२३

ने. सं.- ११४४, थिंल्लागा, १२ सोमबार

विषयः आवश्यक विवरण उपलब्ध गराइदिनुहुन ।

श्री नगरपालिका (सबै),

श्री गाउँपालिका (सबै) ।

नेपाल सरकारको चालु आ. व. २०८०।०८१ को नीति तथा कार्यक्रमको बुँदा नं. १६१ मा **'सबै सरकारी सेवा प्रवाहको एकद्वार प्रणाली विकास गरिने र जनगुनासो सम्बोधनका लागि हरेक वडामा गुनासो सुनुवाई केन्द्र र मोबाइल गभर्नेन्सको व्यवस्था हुने'** उल्लेख भएको सन्दर्भमा यस मन्त्रालयको प. सं. २०८०।०८१, च. नं. ९९, मिति २०८०।०५।१३ को पत्रमार्फत सम्पूर्ण स्थानीय तहमा परिपत्र भएको विदितै छ । सो सम्बन्धमा तत् तत् स्थानीय तहमा भएको हालसम्मको भौतिक एवं वित्तिय प्रगति विवरण यस शाखाको इमेल ठेगाना cmmofald@gmail.com मा उपलब्ध गराइदिनुहुन आदेशानुसार अनुरोध छ ।

९/२३

(दीपेश कट्टेल)

शाखा अधिकृत

**बोधार्थः**

श्री सूचना तथा प्रविधि शाखाः मन्त्रालयको Website मा Upload गरिदिनुहुन एवं E-mail मार्फत सम्पूर्ण स्थानीय तहहरुलाई जानकारी गराईदिनु हुन ।

सिंहदरबार, काठमाडौं फोन नं. ०१-४२००५११/०१-४२००३०४

E-mail: cmmofald@gmail.com/local.level.coordination@mofaga.gov.np Website: www.mofaga.gov.np

नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.:-२०८०/८१

चलानी नं.:- ६६

मितिः- २०८०/०५/१३

विषयः- जनगुनासो सुनुवाई केन्द्र र मोबाइल गभर्नेन्स सम्बन्धमा।

श्री स्थानीय तह (सबै)।

नेपाल सरकारको चालु आ.व. २०८०/८१ नीति तथा कार्यक्रमको बुँदा नं. १६१ मा सबै सरकारी सेवा प्रवाहको एकद्धार प्रणाली विकास गरिने र जनगुनासो सम्बोधनका लागि हरेक वडामा गुनासो सुनुवाई केन्द्र र मोवाइल गभर्नेन्सको व्यवस्था गरिने व्यहोरा उल्लेख भएको छ। उक्त कार्यक्रमको कार्यान्वयनको लागि वडास्तरमा जनगुनासो सुनुवाई केन्द्र र मोबाइल गभर्नेन्सको व्यवस्था गरी सोको जानकारी यस मन्त्रालयलाई समेत गराउनु हुन निर्णयानुसार अनुरोध छ।

चिरञ्जीवी नेपाल
शाखा अधिकृत

बोधार्थः
श्री सूचना तथा प्रविधि शाखाः- Website मा Upload गरिदिनुहुन।

# सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलले सङ्घीय संसद्‌को दुवै सदनको संयुक्त बैठकलाई गर्नुभएको सम्बोधन

नेपाल सरकार

२०८० जेठ ५

सुविधा आयोगले पेश गरेका सुझावहरू कार्यान्वयन गर्दै लगिनेछ।

१५८. तीन तहका सरकारको प्रशासनिक पुनःसंरचना तथा प्रशासनिक सुधारका लागि उच्चस्तरीय प्रशासन सुधार आयोग गठन गरिनेछ। आयोगले विषयगत तथा क्षेत्रगत रूपमा दिने क्रमिक सुझाव कार्यान्वयन गरिनेछ।

१५९. सबै वडा कार्यालयबाट अनलाइन व्यक्तिगत घटना दर्ता कार्यान्वयनमा ल्याउनुका साथै विदेशस्थित नेपाली कूटनीतिक नियोगबाट पनि व्यक्तिगत घटना दर्ता कार्य सुरु गरिनेछ। सामाजिक सुरक्षा भत्तालाई विद्युतीय प्रणालीमार्फत भुक्तानी गरिनेछ।

१६०. राहदानी, राष्ट्रिय परिचय पत्र र सवारी चालक अनुमति पत्र तथा वैदेशिक अध्ययनका क्रममा आवश्यक पर्ने नो अब्जेक्सन लेटर लगायतका सेवाहरू समयमै सहजताका साथ उपलब्ध गराइनेछ।

१६१. सबै सरकारी कार्यालयमा सेवा प्रवाहको एकद्वार प्रणाली विकास गरिनेछ। जनगुनासो सम्बोधनका लागि हरेक वडामा गुनासो सुनुवाइ केन्द्र र मोबाइल गभर्नेन्सको व्यवस्था गरिनेछ। हेलो सरकारलाई थप

प्रभावकारी बनाई स्थानीय तहसम्म विस्तार गरी सरकारी कार्यालयहरूबाट हुने सेवा प्रवाहको गुणस्तर अभिवृद्धि गरिनेछ।

१६२. राष्ट्रसेवकको कार्यसम्पादन मूल्याङ्कनलाई वस्तुनिष्ठ, वैज्ञानिक र प्रविधिमा आधारित बनाइनेछ। प्रत्येक महिना प्रधानमन्त्रीको अध्यक्षतामा मन्त्री, सचिव र आयोजना प्रमुखहरूको उपस्थितिमा प्रगति समीक्षा गरी मासिक रिपोर्ट कार्ड तयार गरिनेछ।

**माननीय सदस्यहरू,**

१६३. सुरक्षा निकायलाई समयानुकूल दक्ष, व्यावसायिक, आधुनिक र साधनस्रोत सम्पन्न तुल्याइनेछ। डिजिटल सुरक्षा प्रणालीको विकास र विस्तार गरी राष्ट्रिय सुरक्षा व्यवस्थालाई प्रभावकारी र विश्वसनीय बनाइनेछ।

१६४. राष्ट्रिय परिचयपत्र विवरण दर्ता तथा वितरणलाई अभियानको रूपमा सञ्चालन गरी स्थानीय तहबाटै वितरणको व्यवस्था मिलाइनेछ। एक वर्षभित्र सबै नेपालीलाई राष्ट्रिय परिचयपत्र वितरण गर्ने अभियान सञ्चालन गरिनेछ। नागरिकको व्यक्तिगत जैविक विवरण एकपटक मात्र लिने र त्यस्तो विवरणलाई